अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रामारोशन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:०२ संख्या: २० मिति: २०७९/०९/२४

भाग-२

रामारोशन गाउँपालिका

## रामारोशन गाउँपालिकाको बालकोष संचालन कार्यविधि, २०७९

CamScanner

# रामारोशन गाउँपालिकाको बालकोष संचालन कार्यविधि -२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/०९/२४

## प्रस्तावनाः

गाउँपालिका भित्रका आपतकालिन एंव जोखिम अवस्थामा रहेका बालबालिकाहरुको तत्काल संरक्षण, उद्वार, राहत वितरण र पारिवारिक पुर्नःस्थापना गर्न तथा बालबालिकाको हकहितको संरक्षण र सम्बर्द्धन गर्नका लागि स्थानीय स्तरमा आर्थिक स्रोत संकलन गरी परिचालन गर्न गाउँपालिका स्तरीय बालकोषको स्थापना गर्न भनि गरेको निर्णय बमोजिम उक्त कोष संचालन गर्न देहाय बमोजिमको कार्यविधि तयार गरि स्वीकृत गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**(क) यस कार्यविधिको नाम ''रामारोशन गाउँपालिका बाल कोष स्थापना तथा संचालन कार्यविधि, २०७९'' रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

क)**''कार्यालय''** भन्नाले रामारोशन गाउँपालिका, गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ख)**''कार्यपालिका''** भन्नाले रामारोशन गाउँपालिका गाउँपालिकालाई सम्झनु पर्दछ ।

ग)**''अध्यक्ष''** भन्नाले बालकोष सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्दछ ।

घ)**''बालबालिका''** भन्नाले बाल अधिकार ऐन, २०७५ बमोजिम १८ बर्ष उमेर नपुगेका बालबालिकालाई सम्झनु पर्दछ ।

ङ)**''विशेष संरक्षण भएका बालबालिका''** भन्नाले बाल अधिकार ऐन, २०७५ को परिच्छेद ५को उपदफ १ बमोजिम १ बमोजिमका बालबालिकालाई सम्झनु पर्दछ ।

च)''कोष'' भन्नाले दफा ३ बमोजिमको रामारोशन गाउँपालिका बाल कोष सम्झनु पर्दछ ।

छ)''संञ्चालन'' समिति भन्नाले दफा ७ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ ।

राम बहादुर

ज)हिसा भन्नाले सार्वजनिक स्थल, विद्यालय, घरपरिवार, अन्य स्थानमा हुने दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा सम्झनु पर्दछ ।

३. **कोषको स्थापनाः** (१) रामारोशन गाउँपालिकामा बाल कोष नामको एक कोष स्थापना गरिनेछ जसमा देहाय बमोजिमका रकमहरु रहनेछन:-

क) संघ वा प्रदेशबाट प्राप्त रकम,

ख) रामारोशन गाउँपालिकाले यस कोषमा जम्मा गरेको रकम,

ग) स्वदेशी ब्यक्ती वा संघ संस्थाबाट प्राप्त रकम,

घ)विदेशी ब्यक्ती वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

ङ) वैंक खातामा रहेको मौज्दात बाट प्राप्त ब्याज रकम,

च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि बुदाँ घ बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको सहमती लिनु पर्नेछ ।

४. कोषमा रकम जम्मा गर्ने: बालकालिकाको हकहित संरक्षणका लागि गाउँपालिकाकले वार्षिक रुपमा निश्चित सकम कोषमा जम्मा गर्नेछ ।

५. **कोषको उपयोगः**(१) विशेष संरक्षणको आवश्यकता भएता बालबालिकाहरुका लागि कोषको रकम देहायको कामको लागि उपयोग गरिनेछः-

क) तत्काल उद्धार, राहत, पुनर्स्थापनाका लागि आर्थिक सहयोग उपलब्ध गराउन,

ख) विद्यालय शिक्षा र औषधि उपचारमा सहयोग उपलब्ध गराउन,

ग) कानुनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

घ) संचालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न,

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) उपदफा (१) मा जस्तोसुकै व्यवस्था लेखिएको भएता पनि संचालक समितिले कुनै पनि बालकालिका तथा किशोरकिशोरी विभिन्न प्रकारका हिंसा, द्वन्द प्रभावित, अति विपन्न, लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

६. **कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** कोषको रकम दफा ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

७. **संचालक समितिको गठन:** १ बालकोष संचालनको लागि देहाय बमोजिमको संचालक समिति रहनेछ ।

क) गाउँपालिका उपाध्यक्ष - अध्यक्ष

ख) सामाजिक विकास समिति संयोजक - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) अध्यक्षले तोकेको माध्यमिक विद्यालयको प्र.अ. – सदस्य

ङ) अध्यक्षले तोकेको कार्यपालिकाको महिला सदस्य - सदस्य

च) गाउँपालिका स्तरिय बाल संजालको अध्यक्ष - सदस्य

छ) महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य सचिव

२. संचालक समितिको सचिवालय कार्यालयमा रहनेछ ।

८.**संचालक समितिको बैठक:** आपतकालिन अवस्थाका बालबालिकाहरुको संरक्षणको लागी स्थानिय शासन पालिका समित रामारोशन तथा वाल संरक्षण समितिमा परेका निवेदन उपर छलफल र निर्णय गर्न देहायबमोजिम बस्नेछ ।

क) संचालक सिमितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार हुनेछ ।

ख) संचालक समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ निजको अनुपस्थितिमा संचालक समितिको सदस्य सचिवले गर्नेछ ।

[signature] ... बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

ग) संचालक समितिले सहमतिका आधारमा निर्णय गर्नेछ र सहमति नभएमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

घ) संचालक समितिको निर्णय सदस्य सचिवले प्रमाणित एंव अद्यावधिक राख्नेछ ।

ङ) संचालक समितिको सम्पर्क स्थानबामैत्री स्थानिय शासन नगर समिति तथा नगर वाल संरक्षण समितिको कार्यालयमा रहनेछ ।

९. **संचालक समितिको काम कर्तव्य र अधिकारः** संचालक समितिको काम कर्तव्य र अधिकार देहायवमोजिम हुनेछः

क) तत्काल उद्धार राहत पुनर्स्थापना लागी आर्थिक सहयोग उपलब्ध गराउने,

ख) विद्यालय शिक्षा र औषधी उपचारमा सहयोग गर्ने,

ग) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविपर्श प्रदान गर्ने,

घ) संचालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्ने,

ङ) बालबालिका तथा किशोर किशोरी विभिन्न प्रकारको हिंसा प्रभावित अति विपन्न लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगि भई सडकमा आएका बालबालिकालाई प्राथमिकता दिई कोषको रकम खर्च गर्ने,

च) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

छ) स्थानीय तहमा बालकालिकाको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु विच समन्वय गर्ने,

ज) वालकालिकाको अधिकार सुनिश्चित गर्नको लागि स्थानिय स्तरमा जनचेतनामुलक कार्यक्रम संचालन गर्ने,

झ) बालकालिकाको संरक्षणको निम्ति अन्य आवश्यकता काम गर्ने,

१०. **संचालक समितिले गर्न नहुने कामहरुः** संचालन समितिले देहायका काम गर्न गराउन हुदैन ।

क) कोषको रकम हिनामिना वा समितिका कुनै सदस्य वा अन्य व्यक्तिलाई लगानी गर्न,

ख) आपतकालिन अवस्थाका बालबालिकाको हकहित संरक्षण गर्ने कार्यबाहेक अन्यकार्यमा

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

कोषको रकमखर्च गर्न ।

११. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको सिमा र आधारः यस कार्यविधि बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुलाई आर्थिक सहयोग उपलब्ध गराउदा देहायको आधारमा रकम नबढ्ने गरि उपलब्ध गराईनेछ ।

क) अभिभावक विहिन तथा विपन्न बालबालिकाहरुलाई वडाको सिफारिसमा शिक्षा र स्वास्थ्य उपचारका लागि वढिमा रु ५००० पाँच हजार रुपैया सम्म ।

ख) कानूनी सहायता मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि रु ५००० पाँच हजार रुपैया सम्म ।

ग) पुनस्थापनाको लागि बढीमा रु ५००० पाँच हजार रुपैया सम्म ।

घ) सहयोग आवश्यकता र उपलब्ध स्रोतको आधारमा प्रतिब्यक्ति बढीमा रु ५००० पाँच हजार रुपैया सम्म सहयोग गर्ने ।(आपतकालिन एंव जोखिम अवस्थाका बालबालिकाहरुलाई)

१२.आपतकालिन एंव जोखिम अवस्थाका बालबालिका अन्तर्गत देहायका बालबालिका पर्दछनः-

१. हराएको वा वेवारिसे अवस्थामा फेला परेका बालबालिका,
२. जोखिमपुर्ण श्रममा संलग्न रहेका बालबालिका,
३. ऋणको कारणले बन्धकमा रहेका वा जवरजस्ती श्रममा लागाई पिडित भएका बालबालिका,
४. शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित बालबालिका,
५. दुर्घटनामा परेका वा प्राकृतिक वा दैविप्रकोपमा परेका बालबालिका,
६. बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएका बालबालिका,
७. यौनशोषण यौन दुर्व्यवहार बेचविखन वा ओसारपसारमा परेका बालबालिका,
८. हिंसाबाट प्रभावित एंव पिडित भएका बालबालिका,
९. वाबुआमा वा आफन्तजनको संरक्षणबाट बंचित भएका बालबालिका,
१०. अपाङ्गता भएका बालबालिका,
११. सुस्त मनस्थिति भएका बालबालिका,
१२. अपहरण वा शरीर बन्धकमा परेका बालबालिका,

राम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

१३. सडक बालबालिका

१४. एच.आई.भि.एड्स संक्रमित भएका बालबालिका

१५. नगर बल संरक्षण समितिले तोकेका अन्य बालबालिका।

१३. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्नेः

१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्नको लागि बालबालिकाले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर जाँचबुझ गर्दा पिडितलाई तत्काल उद्धार राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा समितिको अध्यक्षले दफा ९ मा तोकीए बमोजिमको सहयोग रकम तत्काल भुक्तानी गर्ने र संचालक समितिको बैठकले अनुमोदन गर्नु पर्नेछ ।

१४. थप रकम निकासा माग गर्न सक्नेः

१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्ततताको कारण खुलाई संचालक समितिले गाउँ कार्यपालिकामा थप रकम माग गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम थप रकम माग भई आएमा गाउँ कार्यपालिकाले आवश्यकता र औचित्यता हेरि कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१५. खाताको संचालनः

१) गाउँपालिकाबाट प्राप्त भएको रकम कुनै पनि नेपाल सरकारबाट मान्यताप्राप्त ‘क’ वा ‘ख' वर्गको वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिमको खाताको संचालन कार्यालय प्रमुख र लेखा प्रमुखको संयक्त दस्तखतवाट हुनेछ ।

१५. कोषको लेखा र लेखापरिक्षणः(१) कोषको आय व्ययको लेखा र लेखापरिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. आवर्ति रिभल्भिङ कोषः यो कोष आवर्ति रिभल्भिङ कोषको रुपमा रहनेछ ।

१७.प्रतिबेदन पेश गर्नेः(१) संचालक समितिले प्रत्येक चौमासिकमा सो समितिवाट भए गरेका काम र

कारवाहीको प्रतिवेदन कार्यपालिकालाई वुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

१८. **निर्देशन दिन सक्नेः** कार्यपालिकाले संचालक समितिको काम र कारवाहिको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

१९. **बाधा अड्काउ फुकाउने व्यवस्थाः** यस कार्यविधि कार्यान्वयन सम्बन्धी कुनै बाधा द्विविधा परेमा सोको व्याख्या गर्ने अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

२०. **संशोधन सम्बन्धी व्यवस्थाः** यस कार्यविधि संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा निहित हुनेछ ।

२१. **प्रचलित कानुन बमोजिमः** यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रमाणीकरण मितिः २०८०।०२।११

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

राम बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner